# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड४६) काठमाडौं, मंसीर ३०गते २०५३ साल (अतिरिक्ताङ्क ४६

## भाग ३

### श्री ५ को सरकार

### अर्थ मन्त्रालयको सूचना

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ४० ले दिएको अधिकार प्रयोग गरी निकासी वा पैठारी हुने मालवस्तुहरूको भन्सार मूल्य कायम गर्ने प्रयोजनको लागि देहायका कुराहरूका आधारमा मूल्य निर्धारण गर्ने अधिकार भन्सार विभागको महानिर्देशक र निजले तोकेको अन्य अधिकारीलाई प्रदान गरेको छ ।

१. निकासी वा पैठारी हुने माल वा वस्तुका धनीले माल वा वस्तुको मूल्य खुलेको बिल बीजक कागजातहरू भन्सार कार्यालयमा अनिवार्य रूपमा पेश गरी माल वा वस्तुको मूल्य घोषणा गर्न लगाउने ।

२. दफा १ बमोजिम घोषणा भएको मूल्य प्रामाणिक भएमा सामान्यतया त्यसै मूल्यलाई नै मान्यता दिने ।

३. दफा १ बमोजिम पेश भएको बिल बीजकको सत्यता प्रमाणित गर्न आवश्यक कागजात दाखिल गराउनु पर्ने भएमा माल वा वस्तुको धनीबाट त्यस्तो कागजात पेश गर्न लगाउने ।

४. माल वा वस्तुको धनीले पेश गरेको बिल बीजक कागजातहरू संतोषजनक नभएमा त्यस्ता माल वा वस्तुको मूल्य निर्धारण मिल्दोजुल्दो अन्य त्यस्तै समान माल वा वस्तुको अभिलेखको आधारमा गर्ने ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. क्रेताले पैठारी गरेको माल वा वस्तुको भन्सार प्रयोजनको लागि घोषणा गरेको मूल्यको सत्यता वा विश्वसनीयतामाथि शंका लागेमा सम्बन्धित अधिकारीले क्रेतालाई पुनः यथार्थ मूल्य घोषणा गर्न वा स्पष्ट गर्न लगाउने।

६. दोस्रो पटक घोषणा भएको यथार्थ मूल्यमा पनि शंका लागेमा दफा ४ मा उल्लेख भए बमोजिम मूल्य निर्धारण गर्ने ।

७. निकासी वा पैठारी हुने माल वा वस्तुको भन्सार प्रयोजनका लागि उपरोक्त बमोजिम मूल्याङ्कन गर्न सम्भव नभएमा वा मिल्दोजुल्दो समान माल वा वस्तुको निर्धारित मूल्य उपलब्ध नभएमा त्यस्ता माल वा वस्तुको हकमा महानिर्देशकले न्यूनतम मूल्य निर्धारण गरिएको मूल्य सूची बनाई राख्न लगाउने ।

८. माल वा वस्तुको मूल्य कायम गर्दा कमिशन, प्याकिङ्ग खर्च, श्रमिकको ज्याला र यस्तै खर्चहरू समावेश गरिएको कुल जोडको यथार्थमा भुक्तानी गरिएको मोललाई समेत जनाउने गरी गर्नु पर्नेछ ।

९. पैठारी भएका माल वा वस्तुको भन्सार प्रयोजनका लागि पुनर्मूल्य निर्धारण भएमा त्यस्ता माल वा वस्तुको पुनर्मूल्य निर्धारण भएका कारणले अतिरिक्त भन्सार महसूल असुल गर्नु पर्ने भएमा क्रेताबाट त्यस्तो महसूल दाखिला गर्न लगाउने ।

खण्ड २५, संख्या १० मिति २०३२।३।२ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको यस सम्बन्धी सूचना खारेज गरिएको छ ।

आज्ञाले,
रामविनोद भट्टराई
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।